विष्णुपुर गाउँपालिका

विष्णुपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

विष्णुपुर गाउँ कार्यपालिकाबाट पारित

मिति : २०८१/०६/३०

# अनुदान तथा आर्थिक सहायता वितरण कार्यविधि, २०८१

विष्णुपुर गाउँपालिका, विष्णुपुर, सप्तरी

विष्णुपुर गाउँपालिका
विष्णुपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्डः ३ संख्याः ३ मितिः २०८१/०६/३०

## भाग -२

विष्णुपुर गाउँ कार्यपालिकाबाट पारित
मिति : २०८१/०६/३०

# अनुदान तथा आर्थिक सहायता वितरण कार्यविधि, २०८१

विष्णुपुर गाउँपालिका, विष्णुपुर, सप्तरी

# बिष्णुपुर गाउँपालिका

**बिष्णुपुर, सप्तरी**

**मधेश प्रदेश, नेपाल**

अनुदान तथा आर्थिक सहायता वितरण कार्यविधि, २०८१

कार्यपालिका बाट स्वीकृत मितिः २०८१।०६।३०

**प्रस्तावना :** विष्णुपुर गाउँपालिकाबाट वितरण गरिने अनुदान तथा आर्थिक सहायता वितरण सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## संक्षिप्त नाम र प्रारम्भ

**संक्षिप्त नाम :** यस कार्यविधीको नाम"विष्णुपुर गाउँपालिकाबाट प्रदान गरिने अनुदान तथा आर्थिक सहायता वितरण कार्यविधि",२०८१ रहेको छ ।

**कार्यविधि प्रारम्भ हुने :** यो कार्यविधि विष्णुपुर गाउँपालिकाबाट पारित भएको मिति देखि प्रारम्भ हुनेछ ।

१) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) "अध्यक्ष" भन्नाले विष्णुपुर गाउँपालिका "अध्यक्ष" सम्झनुपर्छ ।

ख) "कार्यपालिका" भन्नाले "विष्णुपुर गाउँ कार्यपालिका" सम्झनुपर्छ ।

ग) "गाउँपालिका" भन्नाले "विष्णुपुर गाउँपालिका" सम्झनु पर्छ ।

घ) "सभा" भन्नाले "विष्णुपुर गाउँ सभा" सम्झनुपर्छ ।

ङ) "आथिक सहायता" भन्नाले विष्णुपुर गाउँपालिकाले वितरण गर्ने आर्थिक सहयोग वा अनुदान रकम सम्झनुपर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विष्णुपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

छ) "आर्थिक प्रशासन शाखा" भन्नाले विष्णुपुर गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनुपर्छ ।

ज) "वडा कार्यालय" भन्नाले विष्णुपुर गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

## परिच्छेद- २

**२) अनुदान तथा आर्थिक सहायता वितरण गर्न सक्ने** : (१) गाउँपालिकाले दुवै मृगौला फेल, पक्षघात, मस्तिष्क घात, क्यान्सर लगायत अन्य विभिन्न रोगले पीडित व्यक्तिको उपचार र विभिन्न धार्मिक,सांस्कृतिक शैक्षिक एवं सामाजिक कार्य वा विपन्न वर्गका परिवारको सहयोग एवं खेलकुद कार्यक्रमका लागि अनुदान तथा आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि अनुदान तथा आर्थिक सहयोग वितरण गाउँपालिकाबाट हुनेछ ।

(३) उपदफा (२) बमोजिम अनुदान तथा आर्थिक सहायता दिँदा गाउँपालिकाले त्यस्तो अनुदान तथा आर्थिक सहायताको आवश्यकता हेरी अधिकतम एक लाख पचास हजार रुपैयाँ सम्म नगद रकम प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (२) मा तोकिएको रकम रु. ५०,०००। (अक्षरेपी पचास हजार मात्र ।) सम्मको निणर्य गर्ने अधिकार गाउँपालिका अध्यक्षलाई हुनेछ । र सोभन्दा बढी रकमको आर्थिक सहायता दिनु परेमा त्यस्तो सहयोग कार्यपालिका बैठकको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद- ३

**(३) निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम गाउँपालिकाबाट अनुदान तथा आर्थिक सहायता प्राप्त गर्न चाहिने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदकको आर्थिक हैसियत, आर्थिक सहायताको आवश्यकता, गाउँपालिकाको स्वीकृत बजेटको अधीनमा रही अध्यक्ष समक्ष उपयुक्त सिफारिस गर्नु पर्नेछ ।

**(४) स्वीकृति दिने :** (१) अध्यक्षले दफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त सिफारिस समेतको आधारमा दफा (२) को उपदफा (४) बमोजिमको रकमको हकमा आँफैले स्वीकृति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्यक्षले स्वीकृती दिएमा प्रमुख प्रशासकीय अधिकृतले आर्थिक प्रशासन शाखालाई आदेश दिई अध्यक्षबाट निर्णय एवम् स्वीकृत भए बमोजिमको रकम निवेदकलाई उपलब्ध गराउनु पर्नेछ । अध्यक्ष वा गाउँकार्यपालिकाबाट निवेदकलाई अनुदान तथा आर्थिक सहायता नदिने भएमा सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद- ४

(५) **गैर पालिकाबासीलाई आर्थिक सहायता दिन सकिने** : गाउँपालिकाको अस्थायी बासिन्दाको साथै दफा (२) बमोजिम सहायता प्राप्त गर्न योग्य व्यक्ति आर्थिक सहायता गर्न बाधा पर्ने छैन । तर सहायता प्राप्त गर्न अनिवार्य नेपाली नागरिक हुनु पर्नेछ ।

(६) **अभिलेख राख्नु पर्ने** : यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुदान तथा आर्थिक सहायताको अभिलेख गाउँ कार्यपालिकाको कार्यालयले राख्नु पर्नेछ ।

(७) **कार्यविधी संशोधन गर्न सक्ने** : गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधी संशोधन गर्न सक्नेछ ।

(८) **कार्यविधीको व्याख्या** : यस कार्यविधीको कार्यान्वयन गर्ने क्रममा कुनै द्विवीधा उत्पन्न भएमा कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

(९) **कारबाही** : यस कार्यविधी विपरित अनुदान तथा आर्थिक सहयोग वितरण गरिएमा त्यस्तो निर्णय वा आदेश दिने पदाधिकारी बाट असुल उपर गरिने छ ।

(१०) **यसै कार्यविधी बमोजिम भए गरेको मानिने** : यस अघि यस गाउँपालिकाबाट भएका वा दिईएका अनुदान तथा आर्थिक सहयोग वा सहायता यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ ।

(११) **बाधा अड्काउ फुकाउने** : यो कार्यविधीको कार्यान्वयनमा कुनै बाधा आइपरेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।